# <u>बीमा दाबी भुक्तानीमा कुनै समस्या भएमा उजुरी आह्वानको सूचना</u>

बीमाको दायित्व निर्धारण एवम् दाबी भुक्तानी गर्ने क्रममा केही बीमक, बीमकको कर्मचारी तथा सर्भेयरले बीमा सम्बन्धी प्रचलित कानून, नियामकीय व्यवस्था तथा व्यावसायिक आचारसंहिता विपरीत कार्य गरेको भन्ने सम्बन्धमा नेपाल बीमा प्राधिकरणमा विभिन्न गुनासाहरू प्राप्त भइरहेको सन्दर्भमा यदि कूनै बीमक, बीमकको कर्मचारी, बीमा सर्भेयर वा अन्य कुनै पक्षले दुखः दिएमा, गलत विवरण तयार गरेको, तथ्य लुकाएको वा तोडमोड गरेको, पक्षपातपूर्ण मूल्याङ्कन गरेको, अनुचित लाभ लिएको वा अन्य कुनै कानून विपरीत कार्य गरेको भए त्यस्तो कार्यमा संलग्न व्यक्तिका विरुद्ध  बीमा ऐन, २०७९ बमोजिम कारबाहीको लागि सम्बन्धित सबै सरोकारवालालाई प्रमाणसहित उजुरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**<u>उजुरी पेश गर्दा संलग्न गर्नुपर्ने विवरणहरू:</u>**

- उजुरीकर्ताको नाम, ठेगाना तथा सम्पर्क नम्बर
- सम्बन्धित बीमा कम्पनीको नाम
- समस्याको बेहोरा
- बीमा दाबी नम्बर तथा बीमालेख नम्बर
- पुष्टि हुने कागजात, फोटो, भिडियो वा अन्य प्रमाण

**<u>उजुरी पेश गर्ने माध्यम:</u>**

- नेपाल बीमा प्राधिकरणको दर्ता शाखामा प्रत्यक्ष।
- प्रत्यक्ष रुपमा उपस्थित भई, इमेलः info@nia.gov.np; gunaso@nia.gov.np
- हुलाकमार्फतः नेपाल बीमा प्राधिकरण, केन्द्रिय कार्यालय, ललितपुर म. न. पा. १०, कुपण्डोल, ललितपुर।

प्राप्त उजुरी तथा प्रमाणहरूको गोपनीयता कायम राखी  बीमा ऐन, २०७९ तथा अन्य प्रचलित कानूनबमोजिम अनुसन्धान गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

**नेपाल बीमा प्राधिकरण,**
**केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर**